# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, माघ २ गते २०५९ साल (अतिरिक्ताङ्क ६६(क)


## भाग ३

श्री ५ को सरकार

## परराष्ट्र मन्त्रालयको सूचना

### राहदानी नियमावली, २०५९

राहदानी ऐन, २०२४ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "राहदानी नियमावली, २०५९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "यात्रा अनुमतिपत्र" भन्नाले नियम ८ बमोजिम जारी गरिने यात्रा अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "परिवार" भन्नाले राहदानी वाहकको पति, पत्नी, बाबु, आमा, छोरा वा अविवाहिता छोरी सम्झनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिहरुमा मात्र लागु हुनेछ।

(ग) "आश्रित व्यक्ति" भन्नाले राहदानी वाहकको पति, पत्नी, छोरा, छोरा बुहारी, अविवाहिता छोरी, बाबु, आमा, एका सगोलका दाजुभाइ, अविवाहिता दिदीबहिनी सम्झनु पर्छ र सो शब्दले पुरुषको हकमा बाजे बज्यै तथा महिलाको हकमा सासु ससुरा समेतलाई जनाउँनेछ ।

(घ) "मन्त्रालय" भन्नाले परराष्ट्र मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "नियोग" भन्नाले विदेशस्थित शाही नेपाली राजदूतावास, शाही नेपाली महावाणिज्यदूतावास, स्थायी नियोग वा विशेष नियोग सम्झनु पर्छ ।

३. राहदानीको प्रकार : विदेश यात्रामा जान चाहने नेपाली नागरिकलाई देहाय बमोजिमको राहदानी जारी गर्न सकिनेछ :-

(क) कूटनैतिक राहदानी,

(ख) विशेष राहदानी,

(ग) साधारण राहदानी ।

४. राहदानीको लागि दरखास्त दिने र राहदानी जारी गर्ने : (१) राहदानी लिन चाहने नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र र पाँच वर्ष उमेर पूरा गरेका नाबालकको हकमा नाबालक परिचयपत्र तथा नाता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र दुई प्रति पासपोर्ट साइजको फोटो संलग्न गरी अनुसूची-१ मा उल्लिखित कार्यालय समक्ष अनुसूची - २ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

तर राहदानी वितरणगर्दाको बखत सक्कल प्रमाणपत्र राहदानी जारी गर्ने अधिकारी समक्ष दाखिला गर्नु पर्नेछ ।

(२) पाँच वर्ष उमेर पूरा गरेका नाबालकको हकमा निजको बाबु, आमा वा निजलाई अभिभावकको रुपमा पालन पोषण गर्ने कुनै व्यक्तिले उपनियम (१) बमोजिमको निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदन दिने व्यक्ति राहदानी दिनको लागि योग्य देखिएमा राहदानी जारी गर्ने कार्यालयले मन्त्रालयले तोके बमोजिमको ढाँचामा त्यस्तो व्यक्तिलाई राहदानी जारी गर्नेछ । राहदानी जारी नगरिएमा सोको सूचना सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कूटनैतिक वा विशेष राहदानी प्राप्त गर्ने पदाधिकारी वा व्यक्तिले त्यस्तो राहदानी प्राप्त गर्नको लागि निवेदन दिंदा नागरिकताको प्रमाणपत्र संलग्न गर्नुपर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११६४

५. कूटनैतिक राहदानी : (१) देहायका पदाधिकारीलाई विदेश भ्रमणमा जानको लागि सम्बन्धित निकायबाट लेखी आएमा मन्त्रालय वा नियोगले विना दस्तुर कूटनैतिक राहदानी जारी गर्नेछ :-

(क) श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज, श्री ५ युवराज्ञी, श्री ५ नवयुवराज, श्री ५ अधिराजकुमारी तथा राजपरिवारका अन्य सदस्य,

(ख) श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज, श्री ५ युवराज्ञी तथा श्री ५ नवयुवराजको विदेश भ्रमणमा संलग्न भ्रमण दलका सदस्य,

(ग) प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, राजपरिषद् स्थायी समितिका सभापति, उप प्रधानमन्त्री, मन्त्री, प्रतिनिधि सभामा विपक्षी दलका नेता, प्रतिनिधी सभाका उप सभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, राज्यमन्त्री, राजपरिषद् स्थायी समितिका सदस्य, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष,सर्वोच्च अदालतका न्यायाधीश, सहायक मन्त्री, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्य, प्रधान सेनापति, राष्ट्रिय योजना आयोगका सदस्य, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त, महालेखा परीक्षक, लोक सेवा आयोगका अध्यक्ष, प्रमुख निर्वाचन आयुक्त, महान्यायाधिवक्ता, बडा गुरुज्यू, नेपाल राष्ट्र बैंकका गभर्नर, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त, लोक सेवा आयोगका सदस्य र निर्वाचन आयोगका आयुक्त,

(घ) राजप्रासाद सेवा, निजामती सेवा, शाही नेपाली सेना, नेपाल प्रहरी तथा शसस्त्र प्रहरीका विशिष्ट श्रेणीका अधिकृत,

(ङ) नेपाल प्रशासन सेवाका कूटनैतिक समूहका राजपत्रांकित अधिकृत,

(च) प्रधानमन्त्रीको औपचारिक विदेश भ्रमणमा संलग्न भ्रमणदलका सदस्य,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

(छ) संयुक्त राष्ट्रसंघको साधारण सभा, विशेष सभा र सो संघको अन्य विशिष्टीकृत निकायको साधारण सभा, एशियाली विकास बैंकको साधारण सभा, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को शिखर सम्मेलन तथा मन्त्रिस्तरीय बैठक लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय शिखर सम्मेलनमा भाग लिन श्री ५ को सरकारको प्रतिनिधित्व गरी भ्रमणमा जाने सदस्य,

(ज) शाही नेपाली राजदूत, संयुक्त राष्ट्र संघको लागि नेपाल अधिराज्यको स्थायी प्रतिनिधि, नियोग प्रमुख र निजका परिवारका सदस्य तथा नियोगमा खटिई जाने कर्मचारी र निजका परिवारका सदस्य,

(झ) श्री ५ को सरकारको प्रतिनिधित्व गरी विशेष नियोगमा खटिई जाने व्यक्ति, र

(ञ) श्री ५ को सरकारको निर्णयद्वारा कुनै खास प्रयोजनको लागि कूटनैतिक राहदानी दिने गरी तोकिएका व्यक्ति ।

(२) सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्दा कूटनैतिक राहदानी पाउने पदाधिकारीको पति वा पत्नी साथमा जानु पर्ने भएमा निजलाई समेत कूटनैतिक राहदानी जारी गर्न सकिनेछ ।

६. विशेष राहदानी : (१) देहायका पदाधिकारीलाई सरकारी कामको सिलसिलामा विदेश भ्रमणमा जानको लागि सम्बन्धित निकायबाट लेखी आएमा मन्त्रालय वा नियोगले विना दस्तूर विशेष राहदानी जारी गर्नेछ :-

(क) नियम ५ बमोजिम कूटनैतिक राहदानी पाउने पदाधिकारी वाहेक राजप्रासाद सेवा निजामती सेवा, शाही नेपाली सेना, नेपाल प्रहरी तथा शसस्त्र प्रहरीका अन्य अधिकृत,

(ख) जिल्ला विकास समितिका सभापति र नगरपालिकाका प्रमुख,

(ग) श्री ५ को सरकारद्वारा स्थापित विश्व विद्यालयका उपकूलपति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान तथा नेपाल राजकीय विज्ञान प्रतिष्ठानका उपकूलपति, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) श्री ५ को सरकारको निर्णयद्वारा कुनै खास प्रयोजनको लागि विशेष राहदानी दिने गरी तोकिएका व्यक्ति ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारबाट मनोनित भई छात्रवृत्तिमा अध्ययन गर्न वा अध्ययन भ्रमणका सिलसिलामा विदेश भ्रमणमा जाने राजप्रासाद सेवा, निजामती सेवा, शाही नेपाली सेना, नेपाल प्रहरी तथा शसस्त्र प्रहरीका अधिकृतलाई विशेष राहदानी जारी गर्न सकिनेछ ।

७. साधारण राहदानी : (१) नेपाली नागरिक तथा निजका पाँच वर्ष उमेर पूरा गरेका नाबालक सन्तानलाई साधारण राहदानी जारी गर्न सकिनेछ ।

(२) साधारण राहदानी मन्त्रालय वा नियोग वा श्री ५ को सरकारले तोकेका जिल्ला प्रशासन कार्यालयबाट जारी गरिनेछ ।

(३) देहायका व्यक्तिलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयले साधारण राहदानी जारी गर्न सक्नेछ :-

(क) कुनै जिल्लामा बसोबास गरी सोही जिल्लाबाट नागरिकता प्रमाणपत्र प्राप्त गरेका नेपाली नागरिक,

(ख) अन्य जिल्लाबाट नागरिकता प्रमाणपत्र प्राप्त गरेको भए तापनि सम्बन्धित कार्यालयको सिफारिशमा सम्बन्धित जिल्लामा कार्यरत राजप्रासाद सेवा, निजामती सेवा, शाही नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी , सार्वजनिक संस्थानका कर्मचारी तथा निजका आश्रित व्यक्ति ।

(४) देहायका व्यक्तिलाई मन्त्रालयले साधारण राहदानी जारी गर्न सक्नेछ :-

(क) काठमाण्डौ उपत्यकामा स्थायी बसोबास गरेकोमा वाहेक काठमाडौं उपत्यकास्थित विदेशी कूटनैतिक एवं अन्य नियोगमा स्थानीय कर्मचारीका रुपमा कार्यरत नेपाली नागरिक आफू कार्यरत नियोगको काममा विदेश भ्रमणमा जान जरुरी परेको व्यहोरा दर्शाइ सम्बन्धित नियोगबाट सिफारिश भई आएमा त्यस्ता कर्मचारीलाई,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित ११६६० गरिएपछि मात्र लागु हुनेछ।

(ख) विदेशमा उपचार गराउन जानको लागि नेपाल मेडिकल बोर्ड वा सम्बन्धित चिकित्सकले सिफारिश गरेको बिरामीले आफूले नागरिकता प्रमाणपत्र लिएको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट राहदानी लिन व्यवहारिक नभएको यथेष्ट प्रमाण पुऱ्याई निवेदन दिने नेपाली नागरिकलाई,

(ग) तत्काल राहदानी नलिई नहुने अवस्था परी समयाभावको कारण आफूले नागरिकता प्रमाणपत्र प्राप्त गरेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट राहदानी लिन व्यवहारिक नभएको यथेष्ट प्रमाण पुऱ्याई निवेदन दिने नेपाली नागरिकलाई ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहेका नेपाली नागरिकलाई साधारण राहदानी जारी गर्नु पर्दा सम्बन्धित नियोगले गर्नेछ ।

८. यात्रा अनुमतिपत्र : (१) देहायको अवस्थामा यात्रा अनुमतिपत्र जारी गरिनेछ :-

(क) विदेशमा रहेको कुनै नेपाली नागरिक राहदानी हराएको वा नासिएको कारणले नेपाल फर्कन असमर्थ भएको कारण दर्शाई निजले प्रमाण सहित साधारण राहदानी प्राप्त गर्नको लागि आवश्यक पर्ने प्रक्रिया पूरा गरी सम्बन्धित देशको वा नजीकको नियोग समक्ष निवेदन दिएमा,

तर त्यस्तो देशमा नियोग नभएमा त्यस्तो नेपाली नागरिकको परिवारको सदस्यले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा श्रम मन्त्रालयको सिफारिश सहित साधारण राहदानी प्राप्त गर्नका लागि आवश्यक पर्ने सबै प्रक्रिया पूरा गरी मन्त्रालय समक्ष निवेदन दिएमा यस नियम बमोजिम यात्रा अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(ख) कुनै खास प्रयोजनका लागि नेपालमा रहेका शरणार्थी विदेश भ्रमणमा जानको लागि गृह मन्त्रालयको सिफारिश सहित वा नेपालमा विदेशी नियोग नभएका मुलुकका विदेशी नागरिकले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राहदानी हराएको वा नासिएको कारणले आफ्नो देशमा फिर्ता हुन नसकेको कारण दर्शाई राहदानी हराएको वा नासिएको प्रहरी प्रतिवेदन तथा अन्य आवश्यक प्रमाण सहित मन्त्रालय समक्ष निवेदन दिएमा,

(ग) विदेशी नागरिकद्वारा धर्मपुत्र वा पुत्री ग्रहण गरिएका नेपाली बालबालिकाको हकमा त्यस्तो नागरिकको मुलुकको विदेशी नियोग नेपालमा नभएमा वा त्यस्तो नियोगले यात्रा अनुमतिपत्र जारी गर्ने नभएमा त्यस्तो विदेशी नागरिकले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सिफारिश सहित मन्त्रालय समक्ष निवेदन दिएमा।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँच बुझ गर्दा निवेदन दिने व्यक्तिलाई यात्रा अनुमतिपत्र जारी गर्न योग्य देखिएमा मन्त्रालय वा नियोगले मन्त्रालयले तोके बमोजिमको ढाँचामा यात्रा अनुमतिपत्र जारी गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम जारी गरिने यात्रा अनुमतिपत्र वहाल रहने अवधि त्यस्तो अनुमतिपत्र जारी गर्ने अधिकारीले तोके बमोजिम हुनेछ। त्यसरी अवधि नतोकिएमा सामान्यतया एक वर्षसम्म वहाल रहनेछ।

९. राहदानी तथा यात्रा अनुमतिपत्र दस्तुर : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि साधारण राहदानी तथा यात्रा अनुमतिपत्र प्राप्त गर्नको लागि अनुसूची-३ को खण्ड (क) बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन नभएसम्मको लागि यो नियमावली प्रारम्भ हुँदाका बखत कायम रहेको राहदानी तथा यात्रा अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ।

१०. राहदानी वहाल रहने अवधि : (१) श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज, श्री ५ युवराज्ञी तथा श्री ५ नवयुवराजलाई आजीवनको लागि र राजपरिवारका अन्य सदस्यलाई एक पटकमा पाँच वर्ष सम्मको लागि कूटनैतिक राहदानी जारी गरिने छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) मा उल्लेख भएका वाहेक अन्य पदाधिकारी वा व्यक्तिका नाममा जारी गरिने कूटनैतिक वा विशेष राहदानी सामान्यतया एक वर्षसम्म वहाल रहने गरी त्यस्तो राहदानी जारी गर्ने अधिकारीले तोके बमोजिम हुनेछ।

(३) उपनियम (१) वा (२) बमोजिम जारी भएका राहदानीको वहाल रहने अवधि समाप्त भएपछि राहदानी जारी गर्ने अधिकारीले आवश्यकता अनुसार सोही राहदानीमा म्याद थप गर्न सक्नेछ।

(४) साधारण राहदानीको वहाल रहने अवधि राहदानी पुस्तिकामा उल्लेख भए बमोजिम हुनेछ। साधारण राहदानीको वहाल रहने अवधि समाप्त भएपछि सोही राहदानीमा नवीकरण गरिने छैन।

११. नयाँ राहदानी जारी नगरिने : (१) एकपटक एक प्रकारको राहदानी जारी गरेको नागरिकलाई सो राहदानी वहाल रहेको अवस्थामा सोही प्रकारको अर्को राहदानी जारी गरिने छैन।

तर देहायको अवस्थामा नयाँ राहदानी जारी गर्न सकिने छ :-

(क) राहदानी पुरानो भई पढ्न नसकिने भएमा वा च्यातिई झुत्रो भएमा,

(ख) राहदानीको सबै पानाहरु भरिन गई भिसा प्राप्त गर्न वा दरपीठ गर्नको लागि पाना नभएमा,

(ग) राहदानी हराएको सम्बन्धमा स्थानीय प्रहरी कार्यालयमा राहदानी वाहकले दिएको दरखास्तको विवरण सहितको प्रहरी कार्यालयले दिएको प्रतिवेदन र राहदानी हराएको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित भएको निस्सा सहित दरखास्त पर्न आएमा,

(घ) साधारण राहदानी वहाल रहने अवधि पूरा भएमा, वा

(ङ) नियम ८ को उपनियम (१) को खण्ड (क) को आधारमा प्राप्त गरेको यात्रा अनुमतिपत्र पेश गरेमा।

(२) उपनियम (१) बमोजिम नयाँ राहदानी लिंदा नियम ४ बमोजिमको प्रक्रिया पूरा गरेको हुनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११८०

१२. राहदानी रद्द गरेको सूचना गर्नु पर्ने : (१) नियम ११ को उपनियम (१) को खण्ड (ग) बमोजिम नयाँ राहदानी जारी गर्दा हराएको राहदानीको नम्बर र जसको नाममा राहदानी जारी गरिएको हो सो खुलाई हराएको राहदानी रद्द गरिएको सूचना मन्त्रालयले श्री ५ को सरकारको सम्बन्धित कार्यालय तथा नेपालस्थित विदेशी नियोगलाई गर्नु पर्नेछ । कुनै नागरिकको राहदानी विदेशमा हराई नियोगबाट नयाँ राहदानी जारी भएको अवस्थामा त्यस्तो नियोगले हराएको राहदानीको नम्बर र जसको नाममा राहदानी जारी गरिएको हो सो खुलाई हराएको राहदानी रद्द गरेको सूचना स्थानीय अध्यागमन कार्यालय तथा विदेशी नियोगलाई दिनु पर्नेछ ।

(२) नियम ११ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिम नयाँ राहदानी जारी गर्दा नयाँ राहदानीमा मन्त्रालयले तोके बमोजिमको व्यहोरा उल्लेख गरिनेछ ।

१३. राहदानी र यात्रा अनुमतिपत्रको अभिलेख राख्ने : (१) यस नियमावली बमोजिम जारी गरिने राहदानी तथा यात्रा अनुमतिपत्रको अभिलेख राहदानी जारी गर्ने कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) मन्त्रालय र नियोगबाट जारी गरिएका राहदानी तथा यात्रा अनुमतिपत्रको अभिलेख मन्त्रालयले राख्नेछ ।

(३) जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएका राहदानीको अभिलेख गृह मन्त्रालयले राख्नेछ ।

(४) नियोगबाट जारी गरिएका राहदानी तथा यात्रा अनुमतिपत्रको अभिलेख नियोगले र जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएका राहदानीको अभिलेख गृह मन्त्रालयले प्रत्येक तीन महिनामा एकमुष्ट मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

१४. मानसिक अवस्था ठीक नभएको व्यक्ति वा पाँच वर्ष भन्दा कम उमेरका नाबालकको नाम तथा फोटो दरपीठ गर्न सकिने : (१) कुनै राहदानी वाहकले मानसिक अवस्था ठीक नभएको व्यक्ति वा पाँच वर्ष भन्दा कम उमेरका नाबालकलाई आफूसंगै विदेशमा लैजानु पर्ने भएमा सोको कारण खुलाई राहदानी जारी गर्ने कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११५९

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदन दिने व्यक्तिको राहदानीमा मानसिक अवस्था ठीक नभएको व्यक्ति वा पाँच वर्ष भन्दा कम उमेरका नाबालकको नाम तथा फोटो दरपीठ गर्न योग्य देखिएमा राहदानी जारी गर्ने कार्यालयले मन्त्रालयले तोके बमोजिमको ढाँचामा अनुसूची-३ को खण्ड (ख) बमोजिमको दस्तुर लिई त्यस्तो राहदानी वाहकको राहदानीमा मानसिक अवस्था ठीक नभएको व्यक्ति वा नाबालकका नाम तथा फोटो वा दरपीठ गर्न सक्नेछ ।

१५. राहदानी तथा यात्रा अनुमतिपत्रमा संशोधन : (१) यस नियमावली बमोजिम जारी भएको राहदानी तथा यात्रा अनुमतिपत्रमा उल्लिखित कुनै विवरण संशोधन गर्नको लागि राहदानी तथा यात्रा अनुमतिपत्र वाहकले त्यस्तो राहदानी तथा यात्रा अनुमतिपत्र जारी गर्ने कार्यालय समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँच बुझ गर्दा निवेदन दिने व्यक्तिको राहदानी तथा यात्रा अनुमतिपत्र संशोधन गर्न उपयुक्त देखिएमा राहदानी जारी गर्ने कार्यालयले मन्त्रालयले तोके बमोजिमको ढाँचामा अनुसूची-३ को खण्ड (ख) बमोजिमको दस्तुर लिई त्यस्तो राहदानी तथा यात्रा अनुमतिपत्रमा संशोधन गर्न सक्नेछ ।

१६. राहदानी अन्य प्रयोजनको लागि प्रयोग गर्न नहुने : (१) राजपरिवारका सदस्य वाहेक अन्य पदाधिकारी वा व्यक्तिले नियम ५ वा ६ बमोजिम जारी गरिएका राहदानी जुन प्रयोजनको निमित्त जारी भएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रयोजन समाप्त हुनासाथ नियम ५ वा ६ बमोजिम जारी गरिएको राहदानी सम्बन्धित राहदानी वाहक वा निजको अख्तियार प्राप्त व्यक्तिले मन्त्रालय वा नियोगमा फिर्ता बुझाउनु पर्नेछ ।

(३) कुनै राहदानी वाहकले नियम ५ वा ६ बमोजिम जारी गरिएको राहदानी सम्झनाको लागि साथमा राख्न चाहेमा मन्त्रालय वा नियोगले त्यस्तो राहदानी रद्द गरी सम्बन्धित व्यक्तिलाई फिर्ता दिन सक्नेछ ।

१७. निरीक्षण तथा सुपरिवेक्षण गर्न सकिने : (१) मन्त्रालयले कुनै अधिकृत स्तरको कर्मचारीबाट कम्तीमा बर्षको एक पटक राहदानीको वितरण तथा अभिलेख व्यवस्था सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको निरीक्षण तथा सुपरीवेक्षण गर्न गराउन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११६२

सक्नेछ । यसरी निरीक्षण तथा सुपरीवेक्षण गर्ने अधिकृतले अनुसूची-५ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) मन्त्रालय र नियोगले राहदानी तथा यात्रा अनुमतिपत्र र जिल्ला प्रशासन कार्यालयले राहदानी जारी गर्ने अधिकृतको नाम तथा हस्ताक्षरको नमूना एक प्रति आफ्नो कार्यालयमा अद्यावधिक राखी एक एक प्रति मन्त्रालय र अध्यागमन विभागमा पठाउनु पर्नेछ ।

१८. अनुसूचीमा हेरफेर गर्ने अधिकार : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन् गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

१९. खारेजी र बचाउ :(१) राहदानी नियमहरु, २०२७ खारेज गरिएको छ ।

(२) राहदानी नियमहरु, २०२७ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११८२

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-१

(नियम ४ को उपनियम (१) संग सम्वन्धित)

राहदानीको लागि निवेदन दिने कार्यालय

१. कूटनैतिक तथा विशेष राहदानीको लागि मन्त्रालय वा नियोग ।

२. साधारण राहदानीको लागि मन्त्रालय वा नियोग वा जिल्ला प्रशासन कार्यालय ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९८४

अनुसूची-२

(नियम ४ को उपनियम (१) संग सम्बन्धित

## राहदानीको निमित्त निवेदन

हालसालै खिचेको<br>१½ x १ ½<br>साइजको फोटो

श्री . . . . . . . . . . .

. . . . . . . . . . . . . . ...

म तल सही छाप गर्नेले राहदानी / यात्रा अनुमतिपत्र पाउनको निमित्त दुई प्रति दरखास्त फाराममा दुई प्रति फोटो टाँसी निम्न बमोजिम मेरो व्यक्तिगत बयान उल्लेख गरी निवेदन गरेकोछु । मलाई प्रदान गरिने राहदानी /यात्रा अनुमतिपत्र राहदानी ऐन, २०२४ र राहदानी नियमावली,२०५९ को पूर्ण पालन गरी प्रयोग गर्न मञ्जुर छ भनी यो निवेदन गरेको छु ।

| | |
|---|---|
| ०१. निवेदकको नाम, थर (देवनागरीमा र अंग्रेजीमा ठूलो अक्षरमा)<br>श्री /श्रीमती /सुश्री ..........................................<br>Mr/ Mrs/ Miss | ०२. स्थायी ठेगाना<br>जिल्ला : गा.वि.स. /न.पा.<br>वडा नं. : गाउं /टोल<br>जन्म स्थान (देश) : जिल्ला : |
| ०३. जन्म मिति<br>साल महिना गते /ता<br>(क) विक्रम सम्वत् :<br>(ख) इस्वी सन् : | ०४. निवेदकको पिताको (क) राष्ट्रियता<br>(ख) नाम :<br>(ग) ठेगाना : |
| ०५. विवाहित /अविवाहित ०६. पुरुष / महिला<br>☐ ☐ ☐ ☐ | ०७. अभिभावकको नाम र नाता : |
| ०८. निवेदकको राष्ट्रियता ०९. पेशा :<br>१०. (क) उचाई :. . . .मी.. . . से.मी.(ख) वर्ण<br>(ग) केशको रंग : (घ) आँखाको रंग : | ११. सरकारी कार्यालय वा सरकारी स्वामित्वको संस्थानको कर्मचारी भए<br>(क) पद : (ख) श्रेणी :<br>(ग) कार्यालय :<br>(घ) विदेश जानु पर्ने कारण : |
| १२. राहदानी वाहकको विषयमा विदेशमा कुनै जरुरी परेमा नेपालमा खबर गर्नुपर्ने व्यक्तिको:<br>(क) नाम (ख) नाता :<br>(ग) ठेगाना- जिल्ला : गा.वि.स./ न.पा.:<br>वडा नं. : गाउं /टोल फोन नं. : | १३. राहदानी लिने व्यक्तिको : (क) नागरिकता नं.<br>(ख) जारी मिति : (ग) जिल्ला :<br>१४ पहिले राहदानी लिनु भएको भए (क) राहदानी नं.<br>(ख) राहदानी रद्द गराई सम्झनाको लागि साथैमा राख्नु भएको छ वा छैन ? |

१५. तपाइको साथमा मानसिक अवस्था ठीक नभएको व्यक्ति वा पाँच वर्ष भन्दा कम उमेरका नावालक समावेश गर्नु पर्ने भए तिनीहरुको विवरण :

| १. क्र.सं. | २. नाम, थर | ३. जन्म मिति (अंकमा) | ४. नाता |
|---|---|---|---|

माथि लेखिएका विवरणहरु सबै ठीक छन् भनी सहीछाप गर्दछु ।

मिति : निवेदकको सही .....................

(यो भन्दा तल निवेदकले केही पनि नलेख्नु होला ।)

| | |
|---|---|
| १. जारी गरेको राहदानी नम्बर :<br>२. राहदानीको किसिम : कूटनैतिक विशेष साधारण<br>३. जारी मिति (इस्वी सम्वत्मा) साल महिना तारिख ४. वहाली रहने मिति: साल महिना तारिख<br>५. राहदानी जारी गर्ने कार्यालय: | १. शुल्क बुझाउनु पर्ने जम्मा रु.<br>२. बैंकको नाम र भौचर नं.<br>३. निवेदकको दस्तूर:<br>४. मानसिक अवस्था ठीक नभएको व्यक्ति वा पाँच वर्ष भन्दा कम उमेरका नावालकको नाम तथा फोटो दरपीठ गरेको दस्तूर :<br>उपरोक्त राहदानी / यात्रा अनुमतिपत्र बुझिलिएं ।<br>मिति: (बुझिलिनेको सही) |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३

(नियम ९, नियम १४ को उपनियम (२) र नियम १५ को उपनियम (२) संग सम्बन्धित)

(क) साधारण राहदानी तथा यात्रा अनुमतिपत्र दस्तुर :

(१) हाल प्रचलनमा रहेको ५ वर्ष अवधि भएको राहदानी जारी गर्दा राहदानी दस्तुर प्रति राहदानी हालकै दुई हजार रुपैयाँ र १० वर्ष अवधि भएको राहदानी जारी गर्दा त्यस्तो राहदानी दस्तुर प्रति राहदानी पाँच हजार रुपैयाँ ।

(२) नियोगबाट जारी गरिने राहदानीको दस्तुर प्रति राहदानी अमेरिकी डलर ८० वा सो वरावरको स्थानीय मुद्रा ।

(३) मन्त्रालयबाट जारी गरिने यात्रा अनुमतिपत्रको दस्तुर प्रति यात्रा अनुमतिपत्र दुई हजार रुपैया ।

(४) नियोगबाट जारी गरिने यात्रा अनुमतिपत्रको दस्तुर प्रति यात्रा अनुमतिपत्र अमेरिकी डलर ४० वा सो बराबरको स्थानीय मुद्रा ।

(ख) साधारण राहदानी तथा यात्रा अनुमतिपत्रमा संशोधन वा दरपीठ दस्तुर :

(१) नाम, थर, पेशा वा उमेर संशोधन गर्नु परेमा प्रत्येक संशोधन वापत दुईसय रुपैया ।

(२) मानसिक अवस्था ठीक नभएको व्यक्ति वा पाँच वर्ष भन्दा कम उमेरका नाबालकको नाम तथा फोटो दरपीठ गर्नु परेमा प्रत्येक दरपीठ वापत पाँचसय रुपैया ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(नियम १३ को उपनियम (१) संग सम्बन्धित)

राहदानी तथा यात्रा अनुमतिपत्र अभिलेख

| नम्बर | जारी मिति | वाहकको नाम थर र ठेगाना | वाहकको नागरिकता नम्बर र जिल्ला | भौचर नम्बर | दस्तुर | वाहकको विषयमा खबर गर्नु पर्ने निकटतम व्यक्तिको नाम थर र ठेगाना | जारी गर्ने अधिकारीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

1966

अनुसूची-५

(नियम १७ को उपनियम (१) संग सम्बन्धित)

निरीक्षण तथा सुपरीवेक्षण प्रतिवेदन फाराम

श्री परराष्ट्र मन्त्रालय

जिल्ला प्रशासन कार्यालयको निरीक्षण तथा सुपरिवेक्षण गरी देहायको प्रतिवेदन पेश गरेको छु।

१. प्राप्त भएको राहदानीको संख्या :
२. वितरण भएको राहदानीको संख्या :
३. बांकी रहेको राहदानीको संख्या :
४. राहदानीको भण्डार र सुरक्षा व्यवस्था कस्तो रहेको छ :
५. राहदानी हराएको वा चोरिएको छ वा छैन :
६. राहदानी वितरण गर्दा राहदानीमा दस्तखत गर्ने अधिकृतको नाम तथा दर्जा :
७. राहदानी वितरण लगत कितावमा कार्यालय प्रमुखले प्रमाणित गर्ने गरेको छ वा छैन :
८. राहदानी वितरण लगत कितावमा राहदानी वितरणको सिलसिलेवार नम्बर मिलाएर लेख्ने गरेको छ वा छैन :
९. भण्डारमा दाखिला भएको राहदानी संख्या र वितरण भई बाँकी रहेको राहदानीको संख्याको हिसाब मिलेको छ वा छैन :
१०. राहदानी वितरण सम्बन्धमा अन्य केही समस्याहरु छन् वा छैनन् :
११. निरीक्षण तथा सुप्रीवेक्षण गर्ने अधिकृतको मन्तव्य :

निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकृतको,-
सही :
नाम :
दर्जा :
मिति :

आज्ञाले,
मधुरमण आचार्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।